आज मिति २०८०/०५/१९ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राईको अध्यक्षतामा आ.व. ०८०/०८१ को दोस्रो कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

उपस्थितिहरुः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री योगेन्द्र राज गुरुङ्ग (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |

आमन्त्रीतहरु

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाराहा, उदयपुर, नेपाल

<u>प्रस्तावहरुः</u>

१. तेल खरिद सम्बन्धमा ।

२. सामाजिक परिचालक सम्बन्धमा ।

३. अल्या बजेटलाई विनियोजन गर्ने सम्बन्धमा ।

४. विपद व्यवस्थापनको बजेट अनुमोदन गर्ने सम्बन्धमा ।

५. स्वास्थ्य शाखा अन्तर्गत रिक्त रहेको पदको कार्यदिश अनुमोदन गर्ने सम्बन्धमा ।

६. शिक्षा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

७. योजना सम्बन्धमा ।

८. वालमैत्री घोषणा सम्बन्धमा ।

९. स्वयंसेवक शिक्षक सम्बन्धमा ।

१०. विषयगत समिति सम्बन्धमा ।

११. अन्य विविध सम्बन्धमा ।

क. स्वास्थ्य शाखाको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

ख. शिक्षक विज्ञापन गर्ने सम्बन्धमा ।

**समय माग गर्ने शाखाहरुः**

क. स्वास्थ्य शाखा ।

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाराहा, उदयपुर, नेपाल

निर्णयहरु:

निर्णय नं १,

प्रस्ताव नं १ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको आ.व. ०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार एक्साभेटर सञ्चालनको लागि तेल खिरद तथा मर्मत शिर्षकमा विनियोजन गरिएको रु, ६००००००।०० (अक्षरुपि साठि लाख रुपैया मात्र) बाट तपसिलको योजनाहरुमा विनियोजन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिल:

| सि.नं | योजनाको नाम | बजेट (रु) | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ को कुनाही बतासे देखि वडा नं २ को बिजयटार सम्म नयाँ सडक निर्माण तथा स्तरोन्नतीगर्नको लागि तेल खरिद | १२००,०००.०० | |
| २ | वडा नं २ ताम्लिछा देखि गोडेली सम्म सडक मर्मत गर्न तेल खरिद | ६००,०००.०० | |
| ३ | वडा नं ३ को आरुबोटे-राम्चे-खलङ्गा खर्क नयाँ सडक निर्माण गर्न तेल खरिद | ९००,०००.०० | |
| ४ | वडा नं ४ नर्सरी छाताङ-धारापानी भोरोके नयाँ सडक निर्माण गर्न तेल खरिद | ९०००००.०० | |
| ५ | वडा नं ५ ढुकुरथुम नयाँ सडक निर्माण गर्न तेल खरिद | ९००,०००.०० | |
| ६ | स्काभेटर मर्मत तथा अपरेटर व्यवस्थापन खर्च | १०००,०००.०० | |
| ७ | वडा नं ४ भाकार्थुम-मार्से नयाँ सडक निर्माण तेल खरिद | ५०००००.०० | |
| | जम्मा | ६०००,०००.०० | |

निर्णय नं २,

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको पाँचै वटा वडाहरुमा रहेको अ.कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुलाई सामाजिक परिचालकको रुपमा परिचालन गरी निजहरुको तलव रु, २६०८२.०० पुर्याई वृद्दि गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

निर्णय नं ३,

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको आ.व. ०७९/०८० बाट अल्या भई आएको रु, १ करोड ५० लाख रुपैंया बाट तपसिल बमोजिमको शिर्षकहरुमा विनियोजन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिल:

| सि.नं | योजना/कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक कृषि तथा फलफूल खेत | ३२९२०००.०० | कृषि शाखा |

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| २ | शिक्षा शाखा विविध खर्च | १००००००.०० | शिक्षा शाखा |
| ३ | स्वयंसेवक शिक्षक तलव भत्ता | ६४००००००.०० | शिक्षा शाखा |
| ४ | विविध चालु खर्च | ९०२०००.०० | प्रशासन शाखा |
| ५ | विपद व्यवस्थापन कोष | १९०००००.०० | विपद |
| ६ | स्वास्थ्य विपद व्यवस्थापन | २०००००.०० | स्वास्थ्य शाखा |
| ७ | बहुक्षेत्रीय पोषण सहजकर्ता अपुग तलव तथा फिल्ड भत्ता साथै Iron Folic acid बितर तथा अभिमुखिकरण कार्यक्रम | १०००००.०० | स्वास्थ्य शाखा |
| ८ | अ.कम्प्यूटर अपरेटर (सामाजिक परिचालक) | ४०००००.०० | प्रशासन शाखा |
| ९ | अस्पताल व्यवस्थापन तथा चौविस घण्टे अनमी व्यवस्थापन | ७०८०००.०० | स्वास्थ्य शाखा |
| १० | श्री महेन्द्र दीप मा.वि. जग्गा मुआब्जा | ९८०००.०० | शिक्षा शाखा |

निर्णय नं ४,

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको हाल बर्षातको मौषम भएको कारण नियमित वर्षात भई गाईघाट देखि गाउँपालिकाको केन्द्र बाराहा सम्म जोड्ने साथै गाउँपालिकाको केन्द्र देखि सम्पुर्ण वडाहरुको केन्द्र सम्म जोडिएको सम्पुर्ण शाखा सडक सञ्जालहरु आंनशिक क्षति भएको हुँदा उक्त सडकहरु तत्काल खुलाउनको लागि मिति २०८०/५/१७ गते बसेको अध्यक्षस्तरीय वैठकले विपद व्यवस्थापन कोषबाट खर्च भार हुने गरी पालिकास्तरीय तथा वडास्तरीय रुपमा तपसिल बमोजिम विनियोजन गरेको निर्णयलाई सर्वसहमतिका साथ अनुमोदन गर्ने भनि निर्णय गरियो ।

तपसिलः

तपसिलः

| सि.नं | वडा नं | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | १ बाँसबोटे | रु, २००,०००।०० | |
| २ | २ ताम्लिछा | रु, २००,०००।०० | |
| ३ | ३ बाराहा, | रु, २००,०००।०० | |
| ४ | ४ बलम्ता | रु, ३००,०००।०० | |
| ५ | ५ जाँति | रु, २००,०००।०० | |
| ६ | गाउँपालिका स्तरीय | रु, १००,०००।०० | |

निर्णय नं ५,

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको स्वास्थ्य शाखा अन्तर्गत रिक्त रहेको पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नको लागि मिति २०८०/५/१७ गते बसेको

अध्यक्षस्तरीय वैठकको निर्णय अनुसार विज्ञापन गरेको निर्णयलाई सर्वसहमतिका साथ अनुमोदन गर्ने भनि निर्णय गरियो ।

निर्णय नं ६,

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको शिक्षा नियमावली २०७४ लाई आजको कार्यपालिका वैठकले दोस्रो संशोधन गर्ने भनि बहुमतले निर्णय गरियो ।

निर्णय नं ७,

प्रस्ताव नं ७ यस लिम्चुङबुङ गाउँपालिकाको आ.व. ०८०/०८१ को लागि सम्पुर्ण वडाहरु, शाखाहरुले तयार गरेको कार्य योजनालाई स्वीकृत गरी लागु गर्ने भनि सर्वसहमातिक साथ निर्णय गरियो ।

निर्णय नं ८,

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिका तथा जाल्पा एकिकृत संस्थाको साझेदारीमा वडा नं ५ जाँतेमा वालमैत्री वडा घोषणा गर्नको लागि आवश्यक तयारी भई रहेको हुँदा आगामी २०८१ साल वैशाख २० गते भित्र घोषणा गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

निर्णय नं ९,

प्रस्ताव नं ९ माथि छलफल गर्दा मिति २०८०/३/८ गतेको कार्यपालिका वैठकमा स्वयंसेवक शिक्षकलाई खारेज गर्ने निर्णलाई बदर गरी आजको कार्यपालिका वैठकले पुनः पद वहालि गरी निजहरुलाई खारेज गरिएको अवधिको तलव भत्ता समेत भुक्तानी गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

निर्णय नं १०,

प्रस्ताव नं १० माथि आवश्यक छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको विषयगत समिति अन्तर्गत रहेको लेखा समितिमा संयोजक विहिन रहेको हुँदा उक्त लेखा समितिको संयोजक कार्यपालिका सदस्य श्री गणेश राईलाई नियुक्ति गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

निर्णय नं ११,

प्रस्ताव नं ११ यस प्रस्तावहरु माथि तपसिलि बमोजिम निर्णय गरियो ।

क. यस लिम्चुङबुङ गाउँपालिकाको स्वास्थ्य शाखाको मिति २०८०/५/१८ गतेको निर्णयमा "यस लिम्चुङबुङ गाउँपालिकाको श्री एल.बि.कार्की स्मृती अस्पताल सुचारु मिति २०८०।०४।११ गते

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल

देखि २४ घण्टा सेवा उपलब्ध गराउन थाले पछि यस कार्यालयको स्टाप नर्सहरु व्यस्त भएकोले स्वास्थ्य चौकी बाराहामा अ.न.मी. कर्मचारी अभाव भएको प्रसुतीको चाप निकै बढेकोले स्वास्थ्य चौकी ताम्लिछाको अ.न.मी. सबिका राई र स्वास्थ्य चौकी जाँतेको अ.न.मी. न्यूमा अधिकारीलाई स्वास्थ्य चौकी बाराहामा मिति २०८० ।०४।२२ गते देखि कामकाज गर्न खटाईएको र स्वास्थ्य चौकी ताम्लिछाबाट अ.हे.ब.झलकमान तामाङ्गलाई स्वास्थ्य चौकी बाँसबोटेमा कामकाजमा खटाउने" भनि गरेको निर्णयलाई अनुमोदन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

ख. यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं ३ बाराहाको पिप्लेमा रहेको श्री वीरेन्द्र ज्योगी आ.वि. (१-८) विद्यालयमा कार्यरत राहत शिक्षक श्री राजन राउतलाई विद्यालयबाट अवकास दिसकिएको र निजले उक्त अवकास विरुद्धमा सम्मानित उच्च अदालत विराटनगरमा रीट दिएको साथै उक्त रीट हाल अदालतमा विचाराधिन अवस्थामा रहको हुँदा उक्त शिक्षकको रीट फैसला नभए सम्मको पठन पाठनमा अवरोध भएको हुँदा सम्मानित अदालतको फैसलालाई कार्यान्वियन गर्ने गरी तत्काल राहत कोटामा अस्थायी करार सेवामा शिक्षक विज्ञापन गरी नियुक्ति गर्न विद्यालयलाई अनुमति दने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।